# आर्थिक वर्ष २०७५/०७६
# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची - १५
## (नियम २६ को उपनियम २ सँग सम्बन्धित विवरण)

**१. सञ्चालक समितिको प्रतिवेदन :**
संचालक समितिको प्रतिवेदन आ.व. ०७५/७६ को वार्षिक प्रतिवेदनमा संलग्न छ ।

**२. लेखापरीक्षकको प्रतिवेदन :**
लेखापरीक्षकको प्रतिवेदन आ.व. ०७५/७६ को वार्षिक प्रतिवेदनमा संलग्न छ ।

**३. लेखापरीक्षण भएको वित्तीय विवरण :**
लेखापरीक्षण भएको वित्तीय विवरण आ.व. ०७५/७६ को वार्षिक प्रतिवेदनमा संलग्न छ ।

**४. कानूनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासीक अवधिमा संगठित संस्थाले वा संस्थाको विरूद्ध कुनै मुद्दा दायर भएको भए :
गत आर्थिक वर्षमा बैंकले तथा बैंकका विरूद्धमा कर्जा असूलीसंग सम्बन्धित तथा बैंकको सम्पत्तिसंग सम्बन्धित ४५ थान मुद्दाहरू विभिन्न अदालतमा विचाराधिन रहेको छ ।

(ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :
यस बैंकको जानकारीमा नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :
यस बैंकको जानकारीमा नभएको ।

**५. संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारण : शेयर कारोबारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गर्ने भएको हुँदा सोही मूल्य तथा मान्यता अनुरूप हुने गरेको ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा बैंकको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोबार संख्या र कारोवार भएको दिन ।

| | पहिलो त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक |
|---|---|---|---|---|
| अधिकतम मूल्य | ३८० | ३९८ | ३६४ | ४०० |
| न्यूनतम मूल्य | ३०३ | ३१५ | ३०० | ३५६ |
| अन्तिम मूल्य | ३७७ | ३९२ | ३५६ | ३९६ |
| कारोवार संख्या | ९,३४७ | १०,०४९ | ७,५१४ | ६,२५० |
| कारोवार दिन | ६२ | ६० | ६० | २३ |

**६. समस्या तथा चुनौती :**

क) आन्तरिक समस्या तथा चुनौतीहरू : तरलतामा आएको उतार चढावका कारण निक्षेप र कर्जाको ब्याजदर व्यवस्थापनमा समस्या, बैंकिङ्ग क्षेत्रमा दक्ष मानव श्रोतको कमि, कारोवार मा भएको बृद्धिसंगै संचालन जोखिमलाई व्यवस्थापन गर्नुपर्ने चुनौती ।

ख) वाह्य समस्या तथा चुनौतीहरू : ठूला अर्थ व्यवस्था भएका राष्ट्रहरू बीचको कर लगायतका विवादहरूले निरन्तरता प्राप्त गरि रहेकोले यस क्षेत्रको अन्तराष्ट्रिय कारोवारलाई पार्ने असर, पुँजी बृद्धिको तुलनामा व्यवसाय विस्तारका लागि वैकल्पिक क्षेत्रमा लगानीको अभाव रहेको, कर्जाको माग तथा निक्षेप बृद्धिमा सन्तुलन नहुनु, बैकिङ्ग क्षेत्रमा बढ्दो अस्वस्थ प्रतिस्पर्धा आदिलाई बैंकले वाह्य समस्या तथा चुनौतीको रूपमा लिएको छ ।

ग) व्यवस्थापनद्वारा अवलम्बन गरेको रणनीति : बैंकको रणनीति अनुरूप निक्षेप तथा कर्जा लगानीलाई सन्तुलित रूपमा बृद्धि गर्दै लगिएको छ । कर्जाको गुणस्तरमा सुधार गर्दै खुद्रा कर्जा, कृषि कर्जा तथा साना तथा मझौला कर्जाहरूको आकारलाई बृद्धि गर्दै लैजाने रणनीति लिएको छ । साथै, बैंकले उत्पादन मुलक क्षेत्रमा कर्जा लगानी बृद्धि गर्न विशेष ध्यान दिएको । सोका लागि व्यवसायिक सम्भाव्यता भएको स्थानहरूमा बैंकको शाखा संजाल विस्तार गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । आय आर्जन गर्ने नयाँ क्षेत्रहरू तथा निक्षेप परिचालनमा जोड, निष्कृय कर्जा व्यवस्थापन गर्दै कर्जा विविधिकरण गरिएको, कोर बैंकिङ्ग सिष्टमलाई समायानूकुल बनाउन यसै फिनाकल कोर बैंकिङ्ग सफ्वेर प्रयोगमा ल्याईएको छ । बैंकमा रहेको जनशक्तिलाई दक्ष तथा सवल बनाउनको लागि प्रभावकारी तालिमको व्यवस्था गरिएको छ ।

**७. संस्थागत सुशासन :**
संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :

(क) सञ्चालक समितिले स्वीकृत गरेका नीतिहरूलाई कार्यान्वयनमा ल्याईएको ।

(ख) व्यवस्थापन तहमा गठन गरिएको विभिन्न समितिहरू (जस्तै : सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति, कर्मचारी पदपूर्ति समिति, कर्जा जोखिम ब्यवस्थापन समिति, संस्थागत सुशासन समिति आदी) क्रियाशिल रहेको ।

(ग) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरीक लेखापरीक्षकबाट नियमित रूपमा लेखापरीक्षण गराई प्रतिवेदनमा दिइएको सुझावहरूको समीक्षा तथा कार्यान्वयन गराउन लेखापरीक्षण समितिको बैठक नियमित बस्ने गरेको र सोबाट प्राप्त निर्देशनहरूलाई तत्कालै कार्यान्वयनमा ल्याईने गरिएको ।

(घ) जोखिम ब्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्ने गरेको र सो बैठकमा भार परीक्षण, नीति नियमहरूको प्रर्याप्तता, संचालन जोखिम जस्ता विषयहरूमा छलफल हुने गरेको र व्यवस्थापनलाई प्राप्त निर्देशनहरूलाई पालना गर्दै आएको ।

(ङ) सम्पत्ति शुद्धीकरण निवारणलाई प्रभावकारी बनाउनका लागि ग्राहक पहिचान पद्धतीलाई जोड दिँदै सो क्षेत्रसंग सम्बन्धित विषय बस्तुहरू उपर सम्पत्ति शुद्धीकरण निवारण समितिमा समेत समय समयमा छलफल हुने गरेको ।

(च) बैकिङ्ग कारोवारलाई व्यवस्थित गर्नका साथै संचालन जोखिमहरू न्यूनिकरण गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू तर्जुमा गरि लागु गरिएको ।

(छ) सुशासनका सम्बन्धमा नेपाल राष्ट्र बैंक, धितोपत्र बोड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायहरूबाट जारी निर्देशनहरू पूर्ण पालना गर्ने गरिएको छ ।

(ज) बैंक भित्र संस्थागत सुशासन कायम गराउने हेतुले संस्थागत सुशासन समितिको गठन गरिएको र सो सम्बन्धमा समय समयमा वैठकमा छलफल पश्चात भएका निर्णयहरूलाई कार्यान्वयन गरिएको । बैंकमा संस्थागत सुशासन कायम राख्नमा मुख्य जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतलाई दिईएको ।